अनुदान बाहेक वित्तिय सामानीकरणबाट ७ करोड ४१ लाख ४१ हजार रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- स्थानीय सडक सञ्जाललाई यथाशिघ्र नगरपालिकाको सम्पूर्ण क्षेत्रमा विस्तार गर्ने तथा हुलाकी राजमार्ग, छिमिकि न.पा. तथा गा.पा.सम्म जोडने ।
- नगरपालिका स्तरिय सडक निमार्ण तथा महत्वपूर्ण पर्यटकिय स्थलहरु सम्मका ग्रामीण सडक पूर्वाधार समेतलाई उच्च प्राथमिकता दिई यस आ.व.मा **विस्तृत परियोजना प्रतिवेदन** (DPR)तयार गरिनेछ ।
- पूर्वाधार विकासलाइ तिब्रता दिन आवश्यक मेशीनरी औजार तथा उपकरणको खरिद  गरिएको छ ।
- यस आ.व. भित्र पालिका भित्रका सार्वजनिक स्थलको भवन निमार्ण कार्य सुचारु गर्ने गरि जग्गा प्राप्ति लगायतका प्रक्रिया यथाशिघ्र अगाडि बढाइने छ ।
- विद्युत प्रशारणलाई सहज बनाउन सब स्टेशन निमार्णका लागि सरोकालावाला निकाय संग पहल गरिने छ ।

**२.३.७ वन, वातावरण तथा विपद् व्यबस्थापन क्षेत्र :**
**वन वातारण तथा विपद ब्यावस्थापन नीति**

- सामुदायीकवन व्यस्थापनलाई व्यवस्थित बनाउने ।
- महत्वपूर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरण गर्ने।
- विपत्त उत्थान कार्ययोजना तर्जुमा गर्ने ।
- जलवायु अनकुलन कार्ययोजना तर्जुमागर्ने ।
- विपत्तको उच्च जोखिममा रहेको वस्तीहरुको सीमाङ्कन गर्ने ।

**२.३.८ वन वातारण तथा विपद ब्यावस्थापन क्षेत्रका बजेट तथा कार्यक्रम**

आ.व.२०७५।०७६ मा यस नगरपालिकाले वन, वातावरण तथा विपत व्यवस्थापनलाई प्राथमिकतामा राखि यस क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान बाहेक वित्तिय सामानीकरणबाट ९९ लाख  रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई  देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- वन व्यस्थापनलाई वैज्ञानीक बनाउन बाँझो,पर्ति, नदी किनार र खस्केको जमीनमा वृक्षारोपण र वन विस्तार गरिनेछ ।
- सामुदायिक वनको संरक्षण एवं सम्बर्द्धन गरि वन क्षेत्रमा शुसासन कायम गरिने छ ।
- फलफुल तथा अन्य बोटबिरुवाका बोट सहजढंगले उपलब्ध गराउन **बहुउदेशिय नर्सरी** स्थापना गरिने छ ।
- विपतको उच्च जोखिममा रहेका बस्तीहरुको **Disaster Management Master Plan** तयार गरि आवश्यक ब्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसंग पहल गरिने छ ।
- प्राकृतिक प्रकोप तथा बिपतबाट हुने क्षतिको राहत तथा उद्धारको कार्यलाई टेवा पुर्याउने गरि **विपत ब्यवस्थापन कोष**को ब्यवस्था गरिएको छ ।
- प्राकृतिक विपत पूर्व, विपतको समय तथा विपत पश्चातका क्रियाकलाहरुलाई ब्यवस्थित गर्न विपतकालिन कार्ययोजना बनाई लागु गर्ने ।